आफ्नो प्रतिष्ठाको भाउ नखोज्दै, येशुले मानिसहरूलाई निको पार्नुभयो, सरसल्लाह दिनुभयो र उनीहरूको भलो गर्दै उहाँ जनताको बीच हिंड्नुभयो। (उहाँले मानिसको दुःख, दर्द, अत्याचार, पीडा, निमुखता, विवशता आदि देखेर त्यसलाई निवारण गर्न सन्देश वा प्रवचनहरू दिएर आफूलाई कुटीमा वा कुनै गुफामा शरण लिन जानुभएन बरु मानिसहरूकै बीचमा बसेर उनीहरूको कष्टमा सहभागी हुँदा परमेश्वरले संसारलाई कस्तो प्रेम गर्नुभयो भनेर प्रत्यक्ष देखाउनुभयो।-अनुवादकको अभिव्यक्ति)। एउटै लक्ष्य लिएर येशुले जुन कार्य सम्पादन गर्नुभयो, यसले गर्दा उहाँका साथमा हुने मानिसहरू हरहमेसा उहाँलाई अनुकरणीय उदाहरणको आदर्श व्यक्ति भनेर चिनेका थिए र उहाँमा नै मानिसहरूका निम्ति नयाँ नमूनाको साँचो देखेका थिए। तिनीहरूले येशुमा यो देखे, यदि परमेश्वरका कल्याणकारिता, कृपालुता, उदारिता वा सदाशयता कुनै व्यक्तिको रूपमा चरितार्थ भएर देखाउन सक्छ भने येशु नै सक्षम हनुहुन्छ भनेर उहाँका साथमा हिंड्नेहरूले ठोकुवा गरेका थिए।"- हस्टन स्मीथ, *द इलेस्ट्रेटेड वर्ल्डस् रीलिजन्स्,* पृ.२१०।

**चिन्तनमननः-**

क. एलेन जि ह्वाइटले भन्नुभयो "सुसमाचारको महान् पुनीत कार्य परमेश्वरका शक्तिलाई न्यून बनाएर अघि बढ्नेछैन बरु यी उदेकका कार्यबाट सुरु हुन्छ।" सारा संसार जब अन्तिम युगमा प्रवेश गर्दछ भन्ने विश्वासलाई लक्षित गर्दै उहाँले जोडसँग भन्नुहुन्छ, "असाधारण र आश्चर्य कामहरू सम्पन्न हुनेछन्, रोगीबिरामीहरू निको हुनेछन्, र येशुका अनुशासित भक्तजनहरूलाई अद्भुत, अलौकिक र अनौठो चिन्हहरूले पिछा गर्नेछन्।" *द ग्रेट कन्ट्रोभर्सी,* पृ. ६११,६१२। यस भविष्यवाणी पूरा भइरहेको के तपाईंले देख्नुभएको छ? यसमा तपाईं आफू नै कसरी समावेश हुनुभएको छ भनेर अवलोकन गर्नुभएको छ? तपाईंको स्थानीय चर्चको यसमा के भूमिका रहन्छ? यस्तो समयको तयारीका लागि तपाईं आफैले के भूमिका खेल्न सक्नुहुन्छ?

ख. मानौं कोही यस्ता मानिस तपाईंले प्रत्यक्ष देख्नुभएको छ जसले येशुले जस्तै अलौकिक आश्चर्यकर्महरू गरेका छन्, उसको काम असाधारण छन् र मानवीय शक्तिभन्दा बाहिरका छन् भनेर तपाईंले निर्विवाद मान्नुहुन्छ वा मान्न करै लाग्दछ। यस्तो ख्याति चरित्रको बारेमा तपाईंको प्रतिक्रिया के हो?

ग. विश्वासीहरू बीच यस्ता आधुनिक ख्यातिप्राप्त मानिसको चर्चीकला वा परोपकारी काम नै किन नहोस्, त्यसका बारेमा छलफल गर्नुहोस्।





# येशुका अद्भुत कामहरू

**यस अध्ययनका लागि पढ्नुहोस्:** मत्ती ४:२३-२५, ८:२५-२७, ११:२-६,१२:२२,२३, प्रेरितहरूलाई ३:१९-२१।

**<u>स्मरण गर्नुपर्ने पद</u>:** "जब उहाँले भीडलाई देख्नुभयो, उहाँका हृदयमा करुणा जागेर आयो र दयाले भरियो, किनभने तिनीहरू सताएका, हैरान भएका र निरीह वा असहाय भएका थिए, गोठाला बिनाका भेंडाहरू जस्ता थिए।" मत्ती ९:३६।

येशुको जीवनबारे साधारण रूपमा सरर्सती हेर्दा, सुसमाचारका लेखकहरूले एक रोचक तथ्यलाई प्रकाश पारेको पाउँछौंः अद्भुत रूपमा येशुको जन्मकालमा के भएको थियो, त्यो बाहेक उहाँका बाल्यकाल र प्रारम्भिक युवाअवस्थाका बारेमा बृत्तान्त एकदम थोरै उल्लेख गरेको पाउँछौं। यस अन्तरालले गर्दा शताब्दीयौंदेखि मानिसहरूले उहाँका हराएका वर्षहरूको बारेमा अनेकौं अनुमानहरू, चिन्तनहरू र परिकल्पनाहरू प्रस्तुत गरेको पाउँछौं। तर एलेन जि ह्वाइटले *द डिजाएर अभ् एजेज्* पुस्तकको "आज् ए चाइल्डमा" उहाँका बाल्यकालका बारेमा जसरी उल्लेख गरेकी छिन् त्यसको सामुन्ने ती अड्कलहरू ओझेलमै परेको पाउँछौं।

येशुको बाल्यकाल र नव युवकको जीवनलाई केन्द्रित नगरी, बाइबलले विशेष गरेर उहाँका साढे तीन वर्षको यात्राका बारेमा ध्यानाकर्षण गरेको पाउँछौं। तर ती साढे तीन वर्ष कस्तो उदेकले भरिएको, चुनौतीपूर्ण, सङ्घर्षमय थियो, त्यसको वर्णन जति गरेपनि साध्य हुँदैन।

विश्व इतिहासमा येशुले जस्तो अरू कुनैले पनि अनुभव गरेको छैन। अरूका लागि सदा समर्पित, उहाँ र उहाँका कामहरूले कहिले पनि उहाँ स्वच्छन्दित वा एकोहोरोपनाको स्वभाव भनेर प्रस्तुत गरेको पाउँदैनौं। बरू उहाँ, आफ्नो सम्पूर्ण कार्यकालमा सबैलाई नयाँ अरूणोदय (प्रातःकाल) अर्थात् मानिसको हृदयमा परमेश्वरका राज्यको जन्मको प्रत्याभूति दिन अथक प्रयासमा जुट्नुभएको थियो। उहाँले डाँडामा उपदेश दिइसक्नुभएको लगत्तै अचानकसँग आफ्नो कार्यशैलीको दृश्य बदलिएको पाउँछौं। आफूलाई उहाँले मानिसहरूको आवश्यकतामा

चुर्लुम्म डुबाउनुभयो। उहाँ भाषण गर्न, उपदेश दिन, सापटी आश्वासन दिन, धर्मशास्त्रहरूलाई ब्याख्या गरेर मानिसलाई मुग्ध पार्न, पण्डित्याइँ गर्न वा कसैलाई सम्मोहन (मेसमराइज) गर्न आउनुभएको थिएन। उहाँ जे बोल्नु हुन्थ्यो केवल भाषणले मात्र होइन कामको शैलीबाट र अथक व्यावहारिक प्रयासबाट त्यसलाई चरितार्थ गर्नु पर्दछ भन्ने उहाँका प्रण थियो। उहाँका बोलाइमा र गराइमा अधिकतम रूपमा तालमेल थियो। उहाँ कुरा सुनाउन आउनुभएको थिएन तर काम गर्न आउनुभएको थियो।हो, परमेश्वरका राज्य आइपुगेको छ, र त्यसको उद्घाटन गर्न येशु तयार हुनुभएको थियो।

## १. यो कस्तो खालको मानिस हो? मत्ती ८ः२५-२७

मत्ती ८ःरू-४ पढ्नुहोस्। यी पदहरूमा के महत्त्वपूर्ण कुरा पाउनुभएको छ जसले येशु यस संसारमा आउनुभएको कारणलाई पुष्टि गर्दछ?

मत्तीको वर्णनअनुसार, येशुले डाँडामा उपदेश दिएर ओर्लनु लगत्तै एक जना कोढीलाई निको पार्नुभयो। डाँडाबाट यस्तो विश्व प्रसिद्ध प्रवचन दिएर जनमानसमा भिज्न जाने बित्तिकै, उहाँले बेँसीमा मानिसहरूको आवश्यकताको भुमरीमा पर्नुभयो। सबभन्दा पहिलो चुनौती त उहाँले एक जना कोढीसँग सामना गर्नु पर्‍यो। कोढ रोग हामी पापी मानिसको प्रतीक थियो। पापले गर्दा मानिसलाई कहाँसम्म घचेटेर दुर्दशा र बीचल्लीमा पार्दोरहेछ कोढको प्रतीकले देखाउँछ। येशु कोढीलाई छुनुहुन्छ (समाजबाट तिरस्कृत, बहिष्कृत कोढीलाई छुने हिक्मत येशुलाई कहाँबाट आयो?), अनि उसको रोग स्वात्तै निको हुन्छ! प्रभु येशुको शक्ति यस्तो थियो। (मानव पीडाप्रति उहाँका सम्वेदना कस्तो थियोभनेर यस घट्नाले देखाउँदछ र मानिस रोगी हुने परमेश्वरका इच्छा हो भन्ने प्रचलित धारणालाई येशुले लत्याउनुभएको पाईन्छ।)

सैतानको पासोमा परेर मानिस कस्तो रोगले ग्रस्त हुनसक्दछ र येशुले मानव जीवनमा पर्ने कष्टलाई निवारण गर्ने अधिकार छ भन्ने त्यस प्रदर्शनपछि उहाँले अव प्रकृति वा सृष्टि र सैतानको अदृश्य तर भ्रष्ट मायाजालप्रति पनि उहाँका शक्ति उत्तिकै प्रभावाशाली छ भनेर मत्ती ८ र ९मा देखाउनुभएको पाउँछौं उहाँले सामुद्रिक आँधीबेरीलाई शान्त पार्नुभयो (मत्ती ८ः२३-२७); अदृश्य दानवीय शक्तिले ग्रस्त भएको



येशुले बौराई उठाउनुभएकाहरू फेरि मरेका थिए किनभने संसारको अन्त्य भएको थिएन। तर येशुको कार्यले यस संसारलाई पार गरेर देखाउने सङ्केत दिनुभएको थियो। मानिसहरू पुनःस्थापना हुनेछ, नयाँ अजम्मरी युगमा प्रवेश गर्नेछन् जब “तुरहीको आवाजले मरेकाहरू अविनाशी शरीर लिएर बिउँतिनेछन्" (१ कोरन्थी १५ः५२)।

येशुले प्रदान गर्नुहुने मृतसञ्जीवनी अर्थात् सारा धर्मीहरूको पुनरुत्थानको आशा तपाईंका लागि कस्तो निर्णायक आस्थाभएको छ? यो हाम्रा लागि किन अपरिहार्य छ र यस आशा बिना यस संसारमा जिउनुको औचित्य के छ? आखिरमा परमेश्वरले यस संसारमा हुने अन्याय, अत्याचार, पापको फल जुन मृत्यु हो, ती सबैको सदाका लागि अन्त्य हुनेछ भन्ने विश्वासमा आत्मसात् गर्दै उहाँमाथि भरोसा राख्दा हामीहरूको मानसिक, आध्यात्मिक र बौद्धिकस्तरमा कस्तो प्रभाव पर्न सक्दछ?

## उपसंहारः

अरू जानकारीका लागिः निम्नलिखित अभिव्यक्तिलाई नियालेर हेर्नुहोस्। समग्र रूपमा यस अध्यायको पाठलाई यसले कसरी प्रतिविम्व गर्दछ? के तपाईंले कुनै तनाव सृजनाभएको देख्नुभएको छ? वा उपर्युक्त अध्यायले औँल्याएका उल्लेखनीय बुँदाहरूलाई भिन्न दृष्टिकोणले प्रस्तुत गरेका छन्? हेर्नुहोस्ः “येशुले गर्नुभएका उदेकका र आश्चर्य कामहरूले सुसमाचारका पुस्तकहरू भरिएका छन्, तर यिनीहरूलाई जोड दिएर हाम्रो आस्था र विश्वास येशुमा राख्नु भूल हुनेछ। एउटा कुरा त निश्चित छ, येशु आफैले पनि ती कार्यहरूलाई प्राथमिकता दिनुभएको थिएन न त त्यसलाई जोड दिनुभएको थियो। उहाँले जे गर्नुभयो सो लोकप्रिय हुनका लागि वा लोकाचारका लागि गर्नुभएको थिएन न त कसैबाट सम्मान वा इज्जत पाउन। जे गर्नुभयो हूलमूलको बीचमा गर्नुभएको थिएन बरु मानिसहरूमा विश्वासको शक्तिको प्रदर्शन गर्न उहाँले चुपचाप आफ्नो आश्चर्यको काम सम्पन्न गर्नुभएको थियो। येशुका एक जना चेलाले उल्लेख गरेका कुरामा जोड दिन सक्यौं भने उहाँका कार्यविधिका बारेमा स्पष्ट दृष्टिकोण हुनसक्दछ। एक फेरा पत्रुसले एक समूहलाई येशुको जीवनको बारेमा संक्षिप्तरूपमा सम्बोधन गर्दै भनेका थिए, ‘उहाँले सबैको भलो गर्दै हिँड्नुभयो।’

अर्थ यो पनि हो, येशुका कार्यविधिले भविष्यमा हुने अन्तिम पुनःस्थापनालाई पनि औँल्याउँछन् र त्यसतिर हाम्रो आँखा लगाइरहनुपर्दछ। जब येशुले एक दिन नाजरथको सभाघरमा यशैयाको पुस्तकमा उल्लेख गरिएका मूलभूत कुरालाई आफूलाई प्रयोग गर्नुभयो (लुका ४:१८:१९), उहाँले केवल उहाँका साढे तीन वर्षको छोटो सेवा अवधिमा हुने कुरालाई मात्र घोषणा गर्नुभएको थिएन। तत्काललाई मात्र लक्षित नगरी उहाँले भन्नुभयो, "र परमप्रभुका प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ" यसले पौराणिक समयमा हुने वार्षिक जयन्ती वा उत्सवको स्मरण गराएको थियो, तर उहाँका घोषणामा परमेश्वरका राज्यको समुद्‌घाटन भयो भनेर दावी गर्नुहुन्छ। मसिहको आगमनदेखि अन्तिम अधर्महरूको पूर्ण नाशसम्म जब सारा कैदीहरूलाई मुक्त गरिनेछ, सबै किसिमका सतावट, अत्याचार, थिचोमिचो र उत्पीडन सदाका लागि निराकरण गरिनेछ भनेर उहाँले आभास दिनुभएको थियो। त्यसमा यो पनि थियो, सैतानको अन्त्य हुनेभएकाले सारा जगत्‌ले सन्तोषको सास फेर्नेछन् र जयजयकारको ध्वनिले सम्पूर्ण जगत् गुञ्जायमान हुनेछ।

देहायका पदहरूले येशुको सेवाकार्य र अन्तिम पुनःस्थापना वा नयाँ युगको प्रातःकालका बीचमा सम्बन्ध छ भनेर कसरी देखाउँछ?
<u>मर्कुस५:३५-४२,लुका७:११-१५,युहन्ना११:३८-४४,प्रेरित ३:१९-२१</u>

विश्वमा पापको सबभन्दा प्रभावशाली उपस्थिति र यसको आधिपत्य देखाउने चिनो नै मृत्यु हो। संसारलाई विजय गरेँ भनेर मानिसले जतिसुकै हुङ्कार गरे पनि ऊ मृत्युको पासोबाट उम्कन सक्दैन, न त कसैले उम्काउन सक्दछ। विभिन्न ज्ञान र विज्ञानको करामतले जीवनलाई लम्ब्याउन सक्दछ तर मृत्युलाई जित्न सक्दैन। तर जब येशुले विभिन्न व्यक्तिहरूलाई मरेकोबाट बिउँताइदिनुभयो, येशुले त्यस समयलाई औँल्याइदिउनुभएको थियो जब मृत्यु यस संसारबाट सदासर्वदा हट्नेछन र नयाँ युगको शुभारम्भ हुनेछ। प्रकाशको पुस्तकको लेखक युहन्नालाई येशुले दर्शनमा भन्नुभएको थियो, "जीवितचाहिँ म नै हुँ। म मरेको थिएँ। हेर म सदासर्वदाका निम्ति जीवित छु, अनि मृत्यु र पातालका साँचाहरू मसित छन्।"(प्रकाश १:१८)। हो, यस संसारमा



मानिसलाई त्यसबाट छुटकारा दिनुभयो (मत्ती ८:२८-३३); असक्त, बिमार, दीर्घकालीन निको नहुने अनेक रोगहरू र कमजोरहरूलाई उहाँ जित्न सक्नुहुन्छ भनेर देखाउन पक्षाघातको रोगलाई निको पार्नुहुन्छ र रक्तस्रावले ग्रस्तभएकी महिलालाई निको पारी नयाँ जीवनको प्रवाह दिनुभयो (मत्ती ९:१-९,२०-२२): त्यत्ति मात्र नभएर मृत्युमाथि पनि उहाँका विजय सुनिश्चित वा अधिकार छभनेर देखाउन याइरसकि छोरीलाई मृत्युबाट बिँउताउनुभयो (पद १८,१९,२३-२६)। येशुका उपर्युक्त कार्यहरू केवल इतिहास वा कसैलाई वा कहिलेकाहीँमा मात्र सीमित नराखेर हाम्रो व्यक्तिगत जीवनमा पनि उत्तिक्कै क्रियाशील हुनुहुन्छ भनेर देखाउनुहुन्छ। हाम्रो जीवनको आँधीबेरीलाई उहाँ शान्त पार्नुहुन्छ, हाम्रो जीवनमा जुनसुकै विकृतिले लथालिङ्ग वा भताभुङ्ग पारेर उत्पात मचाए तापनि येशु सुव्यवस्थित पार्न सक्नुहुन्छ।

मत्ती ८:२३-२७ बाट हामी के शिक्षा लिन सक्दछौँ?

कुनै कुनै पौराणिक कथाहरूमा पानीलाई शत्रुको रूपमा लिइन्छ जसलाई परमेश्वर जित्न सक्नुहुन्छ। "प्रचण्ड समुद्री छाल र अथाह तीव्र वेग पानीको अर्थ परमेश्वरका सार्वभौमिकतालाई हाँक दिने शक्तिको प्रतीकको रूपभनेर इजरायलीहरू विश्वास गर्दछन्।"-*द इन्टरप्रेरटर्स डिक्सनेरी अभ् द बाइबल* (नाशभिलःअविङ्गडन प्रेस, १९६२), ठेली आर-जेडड पृ. ८०९। येशुका चेलाहरूको प्रतिक्रिया हाम्रो पनि हुनुपर्दछः "यो कस्तो खालको मानिस हो? आँधीबेरी र सामुद्रिक छालले पनि उहाँका आज्ञा मान्दछन्!" (मत्ती ८:२७)। उनीहरूले व्यक्त गरेको पुकारलाई यशैया प्रथम अध्यायमा परमेश्वरले आकाश र पृथ्वीलाई मानिसले निर्धारण गरेको विद्रोहीपनालाई हेर भनेर आह्वान गर्नुभएको याद दिलाउँछ। "गोरुले आफ्नो मालिक चिन्छ, र गधाले आफ्नो स्वामीको डुँड चिन्छ, तर इजरायलले चिन्दैन, मेरा मानिसहरूले बुझ्दैनन्।" यशैया १:३। अर्थात् सारा संसारका मानिसहरूमा उहाँका जनहरू मात्र भक्तिहीन र निष्ठाहीन छन्। यसरी हामी अहिले पनि सोध्न सक्दछौँ के यस संसारमा हामी मात्र छौँ जसले येशुको प्रतिरोध गर्दै खडा भएर बसेका छौँ? आँधीबेरी र छालहरूले उहाँका आज्ञा पालन गर्दछ। के हामी उहाँका आज्ञा मान्छौँ त?

## २. पूर्ण रूपले आश्चर्यचकित हुनु

आधुनिक जगत्मा बाइबल विभिन्न भाषा र लवजहरूमा अनुवाद गरिएको हुन्छ। आधुनिक भाषामा अनुवाद गरेका बाइबलका परिच्छेदहरूमा दिएका शीर्षकहरूलाई मानिसहरूले त्यस्तो ध्यान दिएको देखिँदैन। तर अंग्रेजी भाषाको *न्यु इन्टरनाशनल भरजन*मा मत्ती ९लाई यस्तो शीर्षक दिएको छ जसले उदेकिलो येशुलाई विस्तृत तवरले व्याख्या गर्न खोजेको पाउँछौं। यस शीर्षकले येशुको दया, करुणा, चंगाई र शक्तिलाई उजागर गर्न खोजेको छ। यसमा यसरी लेखिएको छः "मृत बालिका र अस्वस्थ महिला।" येशु यस संसारमा हुँदा निरन्तर रूपमा उहाँले कस्तो चुनौतीहरूको सामना गर्नुपरेको थियो भनेर यी शब्दहरूले बताउँछन्। येशुले सामना गर्नुभएका कुनै पनि चुनौतीहरूलाई बहाना निकाली पन्छाउनुभएन। हरेक चुनौतीलाई उहाँले नहिचकिचाई सामना गर्नुभएको थियो। त्यस दिन एक जना मरेकी केटीलाई उहाँले जीवित पार्नु भएको थियो भने बान्ह वर्षसम्म रक्तस्रावले ग्रस्तभएकी स्त्रीलाई उहाँले निको पार्नुभयो र नयाँ जीवनको सुरुवात गरिदिनुभयो। यी पदहरू र थाहा पाएका अरू पदहरू ध्यानपूर्वक पढ्नुहोस्। यसबारे केही पनि नलेख्नुहोस्। हाम्रो मुक्तिदाता कस्तो महान् र उदेकको हुनुहुन्छ भनेर केवल आश्वचर्यचकित भएर भावविभोर हुनुहोस्। <u>मत्ती ९:२७-३४, १२:२२,२३,३४-३६,१५:२९-३१, मर्कुस २:१-१२, लुका ६:१९।</u>

यी पदहरूमा उल्लिखित कुराहरूलाई पूर्ण प्रभावकारी रूपमा बुझ्न विस्तारै पढ्नुपर्दछ र ती परिच्छेदहरू कुन परिवेशमा लेखिका थिए भनेर मनन गर्नुपर्दछ। उदाहारण स्वरूप मत्ती १२:२२,२३ मा यस्तो मानिसलाई येशुकहाँ ल्याएको बारेमा बयान गरेको छ जो अन्धा र लाटा थिए। तपाईंको आँखा बन्द गर्नुहोस् र केही समयसम्म तपाईंको औंलालाई ओठमा राख्नुहोस्, अनि त्यस अभागी अन्धा र लाटाको अवस्थालाई गम्भीर रूपमा कल्पना गर्नुहोस्। त्यस अवस्थामा तपाईंको वरिपरि के भइरहेको छ सो त्यसको ज्ञान छैन र तपाईंले सोध्न पनि सक्नुहुन्न। तर त्यस मानिसले येशुलाई भेट्दछ र उहाँका पवित्र उपस्थितिबाट चहकिलो आँखाले देख्दै र जीब्रोले परमेश्वरका प्रशंसा गर्दै जान्छ किनभने उहाँका छाप लागेका आँखा र जीब्रा खुल्छन्।



करुणाले भरियो, किनभने तिनीहरू असहाय र जताततैबाट पेलिएका र सताइएका थिए। तिनीहरू गोठाला बिनाका भेडाहरू जस्तै देखिन्थे।"(मत्ती ९:३५,३६, ४:२३-२५)।

येशुका सम्पूर्ण कार्यकलापलाई प्रत्यक्ष रूपमा देखे तापनि युहन्ना र अरू, येशुलाई जुन रूपमा हेर्नुपर्ने थियो सो हेर्न ढिलाइ गरेको हामीलाई अचम्म लाग्दछ। यद्यपि, येशुको जीवनले उहाँ को हुनुहुन्छ भनेर स्पष्ट रूपमा देखाइ नै रहेको थियो। उनीहरूको मनस्थितिले येशुको कार्यविधिमा असर परेको थिएन। वर्तमान युगमा येशुका बारेमा हामी के भन्न सक्दछौं? सत्यको प्रत्यक्ष प्रमाणलाई देख्दादेख्दै हामी पनि कसरी अन्धा हुनसक्दछौं? अझ, उल्लेखनीय कुरा त, हामी कसरी बदलिन सक्दछौं?

## ५. अन्तिम पुनःस्थापनको सङ्केत (प्रेरित ३:१९-२१)

जब येशुले आश्चर्यपूर्वक दुष्ट आत्माले ग्रस्तभएर अन्धो र लाटो भएको मानिसलाई निको पारिदिनुभयो, फारसीमूलका धर्मान्ध पण्डितहरू हर्षले विभोरभएर हल्लेलुया भनेर चिच्याउनु त कहाँ हो कहाँ, बरू उहाँलाई यो पो अभियोग लगाइयोः "यसले त दानवहरूका राजकुमार बीलजिबबको शक्तिले मात्र मानिसहरूमा भएका अशुद्ध आत्मा वा भूतहरू धपाउँछन्" (मत्ती १२:२४)। अनि येशुले स्पष्ट तरिकाले आफ्नो कामलाई सबैले जानोस् भनेर यसरी व्याख्या गरेर यो धारणा उनीहरू समक्ष राख्दछः "यदि मैले बिलजिबबद्वारा भूतहरू (सैतानका आत्माहरू) धपाउँछु भने, तिमीहरूका छोराहरूले चाहिँ कसद्वारा ती निकाल्दछन्? यसकारण तिनीहरू नै तिमीहरूका न्यायकर्ता हुनेछन्। तर यदि परमेश्वरका आत्माद्वारा वा शक्तिद्वारा म भूतहरू धपाउँछु भने परमेश्वरका राज्य तिमीहरूमा आइसकेको छ।" यो भनेर उहाँले उनीहरूको अभियोगलाई चुनौती दिनुहुन्छ र त्यसलाई अर्थहीन बनाउनुहुन्छ। येशुले व्यक्त गर्नुभएको अभिमत अति उल्लेखनीय मान्नु पर्दछ, किनभने सुसमाचारका पुस्तकहरूमा परमेश्वरका राज्यलाई वर्तमान परिप्रेक्ष्यमा कार्यान्वन हुन्छ मात्र भनेर देखाएको छैन, तर भविष्यको यथार्थतालाई पनि उजागर गरिएको छ। (मत्ती २६:२९, लुका २३:४२, युहन्ना १८:३६)।

यो त्यही युहन्ना होइन र, जसले दृढतापूर्वक यर्दन नदीमा येशु नै मसिह हुनुहुन्छ भनेर घोषणा गरेका थिए (युहन्ना १:२९-३६)? अनि आफू झ्यालखानामा हुँदा येशुको कार्यकलाप सुनेर उहाँप्रति शङ्कास्पद प्रश्न युहन्नाले किन गरे त (मत्ती ११:२)? त्यस प्रश्नको प्रत्युत्तर येशुले कसरी दिनुभयो, सो नै यस बुँदाको अध्ययनको मुख्य विषय होः "युहन्ना कहाँ फर्केर जाऊ र तिमीहरूले जे सुनेका छौ र देखेका छौ, त्यो भनिदेऊः अन्धाहरूका आँखा खोलेका छन्, लङ्गडाहरू हिँड्न सकेका छन्, कोढीहरू निकोभएका छन्, बहिराहरूले सुन्न सक्नेभएका छन्, मरेकाहरू बौरी उठेका छन्, र दीनदुःखीहरूलाई सुसमाचार सुनाइएको छ।"

येशुको कार्यकलापले नयाँ दिनको सुरुवातभएको छ भनेर येशुले युहन्नालाई दिएको साङ्केतिक सन्देशले बताउँछ; हो, जगत्को उद्धारकर्ता मसिहका आगमन भइसकेको छ। यशैया र अरू पुस्तकहरूमा महिमित मसिहको बारेमा उल्लिखित भविष्यवाणीहरू येशुले स्मरण गर्दै हुनुहुन्थ्यो भनेर युहन्नालाई दिनुभएको समाचारमा देखाउँदछ। यशैया २९:१८,१९, ३५:५,६, ६१:१-३ पढ्नुहोस्। यी पदहरूले येशुका कामहरूसँग कसरी तालमेल भएको देखाउँछ? यद्यपि, युहन्ना र अरूले उहाँलाई चिन्न यस्तो ढिलाइ किन गरेका होलान्?

येशुको कार्यविधिले पुरानो करारमा उल्लेख गरिएका भविष्यवाणीहरू पूराभएका छन् र यो नै मसिह युगको अरुणोदय (प्रातःकाल) थियो भनेर मत्तीले उहाँका कार्यक्रमहरूलाई औंल्यायर तिनीहरूको अर्थ प्रकाशनले देखाउँछ। मत्तीले येशुका सम्पूर्ण कामहरू फराकिलो तवरले मसिहको परिप्रेक्ष्यमा संयोजन गरेको पाउँछौँ: "यशैया अगमवक्ताले बोलेको अगमवाणी पूरा हुनलाई यो भएको थियो, 'उहाँ आफैले हाम्रा अशक्तताहरू लिनुभयो, र हाम्रा रोगहरू उठाई लानुभयो।' (मत्ती ८:१७, यशैया ५३:४लाई उद्घृत गर्दै)। मत्तीले सार संक्षेपमा येशुका सम्पुर्ण कार्यकलाप वा सेवाकालीन समयलाई वर्णन गरेकोबाट उपर्युक्त कुराको पुष्टि गर्दछः "सारा सहर र गाउँहरू हुँदा येशु जानुभयो, सभाघरहरूमा सिकाउँदै जानुभयो, परमेश्वरका राज्यको सुसमाचार फैलाउँदै र हरेक किसिमका रोग र बिरामीलाई निको पार्दै जानुभयो। जब उहाँले भीडलाई देख्नुभयो, उहाँका हृदयमा दया र



अनि मत्ती १५:३०, ३१ नि? "असंख्य मानिसहरू उहाँकहाँ आए, उनीहरूले लुला, लंगडा, अन्धा, अपाङ्ग, लाटा र धेरै थरीका रोगीहरू ल्याएर उहाँका पाउमा राखि दिए; र उहाँले सबैलाई रोग मुक्त गरिदिनु भयो। र तिनीहरूले इजरायलका परमेश्वरका प्रशंसा र स्तुति गरे।" (अझ मत्ती १४:३४-३६ र लुका ६:१९ मा त येशुलाई छुन तँछाडमछाड गरे भनेका छन्, किनभने "येशुबाट शक्तिको प्रवाह भइरहेको थियो र सबै निको भइरहेका थिए।"

येशुले आफ्ना भक्तजनहरूलाई उहाँले प्रवाह गर्नुभएको शक्तिभन्दा अझ बेसी दिन्छु भनेर बाचा गर्नुभएको छ। यसको तात्पर्य के हो? आज यस्तो अचम्मका चंगाई र पुनर्स्थापन वा नवजीवन पाएको किन देख्दैनौं? अथवा कुनै ठाउँमा मात्र हामीले देखिरहेका छौं कि? चर्चले निको पार्ने सेवाकार्यलाई कसरी संचालन गरिरहेको छ जुन येशुले उदाहरणद्वारा प्रस्तुत गर्नुभएको थियो? तपाईंले आधुनिक जमानामा व्यक्तिगत तवरले येशुले प्रवाह गर्नुभएको शक्तिले मानिसलाई स्वस्थ बनाउने सेवाकार्यलाई परिचालन गर्न कसरी सहायता गर्न सक्नुहुन्छ?

### ३. कुन अभिप्रायले येशु परिचालित हुनुभयो? (मत्ती ४:२३-२५)

सन् १९८० को दशकमा गुप्तचरहरूले टेलिभिजनमार्फत प्रचार गर्ने केही ख्यातिप्राप्त प्रचारकहरूका बारेमा गोप्य रूपमा खोजीनीति गरे। तिनीहरूले यो ख्याल गरेका थिए, ती टेलीभिजन प्रचारकहरूले श्रोतावर्गहरूसँग व्यक्तिगत प्रार्थनाको अनुरोध लेखी पठाउन आह्वान गर्दथे र त्यस अनुरोधसँगै त्यस टेलिभिजन कार्यक्रमलाई सुचारु रूप दिन चन्दा पठाउन निवेदन गर्दथे। जब ती गुप्तचरहरूले तिनीहरूको चर्तिकला देखे, त्यो देखेर तिनीहरू चकितभए। त्यस टेलिप्रचारक कर्माचारीहरू हुलाक कार्यालयमा जान्थे र श्रोतावर्गले पठाएका पत्रहरू लिन्थे। तिनीहरूले खाम खोलेर त्यसमा भएका पैसा निकाल्थे र प्रार्थनाका अनुरोधहरू भएका पत्रहरू चाहिँ पोस्ट अफिसको फोहर फाल्ने ढ्वांगमा फ्याँकिदिन्थे।

माथि उल्लिखित मुख्य पदहरूमा हामी यो पढ्छौं, येशु सारा गालिल क्षेत्रमा घुमफिर गर्नुहुन्थ्यो र ठूलो जमातहरू उहाँ जहाँ गएपनि उहाँका पछिपछि लाग्दथे। जब मत्तीले त्यही विषयलाई लिएर येशुका

बारेमा ९ अध्यायमा लेखे, उसले उहाँका बारेमा यस्तो निर्णायक आयाम थपे जुन टेलिभिजनका छद्मभेषी प्रचारकहरूका अभिप्रायको विपरीत थियो। यसले गर्दा येशु र उहाँका नाउँमा प्रचार गरेर आफूहरूलाई धनले पोषण गर्नेहरूका बीचमा सदासर्वदा भिन्नता भएको पाउँछौं।

मत्ती ९:३५,३६ मा यसरी लेखिएको छः येशु समस्त सहरहरू र गाउँहरूतिर तिनीहरूका सभाघरहरूमा शिक्षा दिँदै, राज्यको सुसमाचार प्रचार गर्दै र हरेक किसिमका रोग र दुर्बलताहरू निको पार्दै हिँड्नुभयो। तर भीडहरूलाई देखेर उहाँका हृदय तिनीहरूका निम्ति दयाले भरियो। किनभने तिनीहरू गोठालाविनाका भेडाहरूजस्तै हैरान र असहाय भएका थिए।" कुन तत्त्वले अभिप्रेरित भएर येशु परिचालित हुनुभएको थियो भनेर यी पदहरूमा देखाउँछ?

दया वा करुणा (compassion) भन्ने शब्द ग्रीक शब्द (splagchnon) बाट आएको हो। यसको अर्थ "भित्री भागहरूदेखि", "पेटहरू" भनेर पौराणिक संसारमा भावहरूका स्थल छचल्किएको जनाउँछ। दया, करुणा, अनुकम्पा वा माया भनेको सहानुभूतिभन्दा माथिल्लो स्तरको भावना हो। सहानुभूति भनेको केवल बौद्धिकतामा मात्र सीमित हुन सक्दछ। दया भनेको भित्री हृदयदेखि वा हाम्रो भाषामा भन्ने हो भने आन्द्राभुँडीदेखि उर्लेर आएको हुन्छ।

यही गुण अर्थात् मानवताप्रति हुनुपर्ने विशुद्ध भावना येशुमा थियो। उहाँले केवल सहानुभूति प्रकट गरेर आफू त्यसबाट पन्छिनु भएन न त भाषण वा उपदेश छाँटेर कुटी वा गुफाभित्र पस्नुभएन। मानवताको हित गर्नुपर्छ भनेर सहानुभूति प्रकट गर्दैमा मानिसको कल्याण हुँदैन। टेलिभिजनमा ङिच्च पाचेर हाँस्दै र धर्मको गम्भीर भेष लगाएर मानिसहरूका मनलाई मायाको जालमा बुनेर उनीहरूसँग प्रार्थनाको अनुरोध गर्दै पैसा माग्नु तर त्यो पैसा पाएपछि फोहरको ढ्वाङ्मा फाल्नु येशुको लागि अकल्पनीय कुरा हो। सुसमाचारका पुस्तकहरूमा दोहऱ्याई तेहऱ्याई येशुले मानिसहरूप्रति कस्ता खालको दया देखाउनुभएको थियो भनेर उल्लेख गरेको पाउँछौं। मानव कल्याणका लागि परमेश्वरका मनस्थितिमा कस्तो किसिमका दयाले भरिएको हुन्छ भन्ने कुरा येशुको जीवनले चरितार्थ गरेर देखाउनुभएको



छ। (मानिसले दुःख कष्ट पाऊन् भन्ने परमेश्वरका चाहना कहिल्यै पनि हुँदैन। येशुद्वारा परमेश्वरलाई चिने मात्र हामीले दुःख पाउँदा, "परमेश्वरका इच्छा रहेछ" भन्ने भावना निराकरण हुनसक्दछ)। जब कोढीले येशुकहाँ आएर बिन्ती गरेः "तपाईंको इच्छा भए, मलाई शुद्ध बनाउन सक्नुहुन्छ।" येशुको मन दयाले भरियो र आफ्ना हात पसारेर भन्नुभयोः "म इच्छा गर्दछु, तिमी शुद्ध होऊ !" (मर्कुस १:४०,४१ साथै मत्ती २०:२९-३४, मर्कुस १०:४६-५२)।

यदि तपाईं परोपकारी वा अरूको उत्थानका निम्ति आफूले अनवरत प्रयास गर्नुहुन्छ तर आफ्नो व्यक्तिगत हित वा फाइदालाई हेर्नुहुन्न, लोकका अगाडि आफू राम्रोभएर देखाउन खोज्नुहुन्न, आफ्नो नाउँ कुनै सञ्चार माध्यममा आओस् भन्ने चाहना गर्नुहुन्न र चर्च वा समाजमा आफ्नो भाउ खोज्नुहुन्न भने तपाईं येशुको बारेमा चेतनशील हुनुहुन्छ भनेर देखाउँछ। मानिसप्रति प्रेम, स्नेह नै यस्तो उर्जा थियो जसले येशुलाई परिचालन गरियो। उहाँका प्रेम देखावती थिएन, अरूलाई खुशी पार्न छद्मभेषी थिएन तर उहाँका भित्री हृदय वा आन्द्राभुँडीदेखि नै प्रेम छल्किएर आएको थियो। सुसमाचारका लेखकहरूले त्यसलाई दया वा करुणा भनेर सम्बोधन गरेको छ। तपाईं इसाई भनेर दावी गर्नुहुन्छ, चर्चमा वा समाजमा कसैको उत्थान र भलोका निम्ति कार्यरत हुनुहुन्छ, तर तपाईंको अभिप्रायलाई कस्तो खालको दयाले सञ्चालन गरेको हुन्छ? येशुले भन्नुभएको छ, कसैको न्याय नगर्नु, तर उहाँले यो पनि भन्नु भएको छ, मानिसको फलले उसको स्वभाव थाहा पाउनु (मत्ती ७:१,१६)। याद गर्नुहोस् तपाईंको क्रियाशीलताले तपाईंको हृदयलाई कुन मनसायले अभिप्रेरित भएर अग्रसर हुनुभएको छ भनेर मानिसले मात्र होइन सारा जगत्ले हेरिरहेको हुन्छ।

## ४. नयाँ दिनको चिनो (मत्ती ११:२-६)

झ्यालखानाको काल कोठरीबाट युहन्नाले आफ्ना चेलामार्फत येशुकहाँ जरुरी समाचार पठाएः "के आउनुपर्ने तपाईं नै हुनुहुन्छ, वा अरू कसैको प्रतीक्षा गरौं?" मत्ती ११:३। झट्ट हेर्दा सुसमाचारका पाठकहरूको लागि यो प्रश्न अचम्मको र अपेक्षा नगरिएको हुनसक्दछ।